# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

## बाख्रा पकेट विकास कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना

प्रथम पटक सुचना प्रकाशन मिति २०७८/१२/१३

उपरोक्त सम्वन्धमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, पाँचखाल नगरपालिका अन्तर्गत आ.व. २०७८/०७९ सालको वार्षिक सघिय सर्सत कार्यक्रम अनुसार बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले वडा नं. ७ जोरपिपलका इच्छुक पशुपालन समुह/सहकारीहरुले आवस्यक कागजात सहित यो सूचना प्रकाशित मितिले १५ औं दिनभित्र अर्थात् (मिति २०७८/१२/२७ गते भित्र) तपसिल अनुसारका आवस्यक कागजपत्र सहित यस नगरपालिका पशुपंक्षी विकास शाखा पाँचखालमा प्रस्तावना पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१.रु. १० को टिकट टाँस गरि नगरपालिकाले उपलब्ध गराएको संक्षिप्त कार्य योजना सहितको निवेदन फारम – १ थान

२. सम्बन्धित निकायमा पशु पालन समुह/सहकारी दर्ता तथानविकरण भएको प्रमाणपत्रको प्रतिलिपि –१ थान

३. सहकारी संस्थाको हकमा पशुपालन संचालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि–१ थान

४. पशु पालन समुह/सहकारी प्यान/भ्याट मादर्ता भएदर्ता प्रमाणपत्रको प्रतिलिपि–१ थान

५. पशु पालन समुह/सहकारीको हकमा अघिल्लो आ.व.को वार्षिक अडिट रिपोर्ट र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि–१ थान

६.अघिल्लो आ.व.माकुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्रको प्रतिलिपि –१ थान

७. कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लेख गरिएको वडा कार्यालयको सिफारिस पत्र –१ थान

८.पशु पालन कृषक समुह/सहकारीको संचालन समितिको कार्यक्रम माग गर्ने सम्वन्धि बैठक बसेको निर्णयको प्रतिलिपि १ प्रति

९. पशु पालन कृषक समुह/सहकारीले प्रजननयोग्य बाख्राका पाठी तथा प्रजननयोग्य बोयर तथा उन्नत नश्लका बोका खरिद गर्न परल मूल्यको २०% रकम लागत साझेदारी गर्नु पर्ने छ ।

१०. छनौट भएका पशु पालन कृषक समुह/सहकारी संस्थाले खरिद गर्ने प्रजननयोग्य बाख्राका पाठी खरिद गर्दा नगरपालिकाले तयार गरेको स्पेशिफिकेसन अनुसार प्रजननयोग्य स्थानिय खरि तथा जमुनापारी क्रसका १८–२० के.जी. सम्मका पाठीहरु जिल्ला दररेट अनुसार बढीमा रु. ६००/– प्रति के.जी. शारीरिक तौल अनुसार खरिद गरि एक मुस्ट बढीमा रु ४,००,०००/– माग गर्न सकिने छ ।

११. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कार्यान्वयन म्यानुअल तथा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार लागू हुनेछ ।

पुनश्च : रीत नपुगी आएका र म्याद नाघि आएका प्रस्तावहरु छनोटका लागि समावेश गरिने छैन ।

थप जानकारीको लागि :

पाँचखाल नगरपालिका पशुपंक्षी विकास शाखा, पाँचखाल, काभ्रे ।

७ नं.वडा कार्यालय, पाँचखाल नगरपालिका

शिव प्रसाद हुमेगाई

प्रमुख प्रशासकीय अधिकृत